स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अनमोल केसीको शीर्ष भूमिका रहने रोमान्टिक–ड्रामा 'जेरी अन टप'को निर्देशक हेरफेर भएका छन् । निर्देशकको रुपमा सुयोग गुरुङको प्रवेश भएको छ । यसअघि हेमराज बीसीले निर्देशन गर्ने जनाइएको थियो । निर्माता सरोज न्यौपानेले आपसी सहमतिमै बीसीले प्रोजेक्ट छाडेको बताए । 'उहाँ केही समय अमेरिकामा बस्ने हुनुभयो, जसले गर्दा प्रोजेक्टको निर्देशक परिवर्तन गर्नुपरेको हो,' न्यौपानेले भने । उनका अनुसार यो फिल्मलाई वैशाखदेखि छायांकनमा लैजाने योजना छ ।

आजको विचार...



मनिकर कार्की

सामूहिक...
(दुई पेजमा)



अभिनेत्री आँचल शर्मा फेसनलाई पछ्याउने मामिलामा अगाडि छिन् । बजारमा चलेको फास्ट फेसन होस् या डिजाइनरको पहिरनमा उनी अरुभन्दा एक कदम अगाडि छिन् । प्रत्येक साता आँचलले नयाँ पहिरन इन्स्टाग्रामबाट सार्वजनिक गर्छिन्, जसलाई लिएर सामाजिक सञ्जालमा चर्चाको विषय बन्छ । फेसन मात्र होइन, आँचल अहिले सबैभन्दा ब्यस्त अभिनेत्रीमध्ये पर्छिन् । उनीसँग आधादर्जन फिल्मको लाइनअप छ । फेरि उनले फेसबुकमा केही आकर्षक तस्वीर सेयर गर्दै 'कम तनाव लिन र उत्कृष्ट आनन्द लिनुस्' भन्दै स्वस्थ सल्लाह दिएकी छन् ।

❐ वर्ष २९ ❐ अंक १८४ ❐ २०८० माघ १८ गते बिहीबार 1 February 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## रैनादेवी छहरामा सुपा देउरालीको मन्दिर

# आकर्षक धार्मिक पर्यटकीय स्थल बन्दै महीपोखरी डाँडा




**कृष्ण पोखरेल**

**पाल्पा,** माघ १७/विगतमा सम्भावना हुँदा हुँदै ओझेलमा परेको पाल्पाको रैनादेवी छहरा गाउँपालिका–४ स्थित महीपोखरी डाँडा यतिबेला आकर्षक धार्मिक पर्यटकीय स्थलका रुपमा विकास हुँदै गएको छ । आर्घाखाँचीको सन्धिखर्कस्थित खाँचीकोटमा रहेको सुपा देउराली मन्दिरको घण्टा महीपोखरी जंगलमा राखी देवीको पुजाआजा गर्न थालेपछि यहाँ धार्मिक पर्यटकहरुको घुइँचो लाग्न थालेको पाइन्छ । विगतमा छहरा, मेहलढाप, सल्लेधारावासीको रोजाई मात्र बनेको यो डाँडा अहिले सबै क्षेत्र, वर्गका लागि धार्मिक पर्यटकीय स्थलका रुपमा विकसित हुन पुगेको हो ।

लामाधामी गर्दै आएका अर्घाखाँची ढाकावनका देवबहादुर नेपालीलाई सुपा देउराली भगवतीदेवी उत्रिएपछि सुपा देउराली मन्दिरमा गई पुजापाठ गर्दै आएका थिए । देवबहादुरलाई नै सुपा देउराली भगवती देवीले मलाई यहाँ अशान्ति भयो, शान्त स्थानमा लैजाउ भनेर दिव्यदर्शन दिएपछि, उनी मन्दिरको घण्टा लिएर सुपादेवीलाई शान्त स्थान खोज्दै हिडेका थिए । लामा नेपाली सुपा देउरालीको घण्टा बोकेर देवीलाई शान्त स्थानमा राख्ने अभियानमा छहरातर्फ आउँदै गर्दा उनी सवार जिप महीपोखरीमा अचानक रोकिन पुगेको थियो । जिप एक्कासी रोकिन पुगेपछि यात्रुहरुले हल्लाखल्ला गर्न थाले । लामा देवबहादुर भने हल्लिदै मेरा लागि यही जंगल उपयुक्त स्थान छ, म यही बस्छु भनि बके पछि त्यहाँ घण्टा राखेर पुजाआजा गर्न थालिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नलबहादुर रानाले बताए । उनका अनुसार पुस २३ ,२०७९ देखि यहाँ सुपा देउरालीदेवीको पुजाआजा गर्न थालिएको हो । स्थानीयवासीले सुपा देउराली देवीको वास भएपछि पुजाआजासँगै प्रचार–प्रसार गर्न थालेपछि अहिले महीपोखरी डाँडामा भक्तजनहरुको दैनिक भिड लाग्ने गरेको छ । भक्तजन बढेपछि स्थानीयवासीको अगुवाईमा मन्दिर व्यवस्थापन समिति निर्माण गरी अहिले यहाँ सुपा देउराली मन्दिर निर्माण तथा भौतिक पूर्वाधार निर्माणको काम भइरहेको छ । मन्दिर निर्माण, भक्तजनको लागि खानेपानी, शौचालय, देवीको लागि बली चढाउने स्थान, भक्तजनको लागि मन्दिरमा जाने बाटोघाटो निर्माणको काम भइरहेको समितिले जनाएको छ ।

रैनादेवी छहरा गाउँपालिकाले यहाँ मन्दिर निर्माण तथा अन्य भौतिक पूर्वाधार निर्माणको लागि गत वर्ष ३ लाख र चालु आर्थिक वर्षमा ५ लाख रुपैयाँ विनियोजन समेत गरेको छ । यस क्षेत्रलाई धार्मिक पर्यटकीय स्थलका रुवमा विकास गर्ने गरी आगामी दिनमा समेत बजेट विनियोजन गर्दै जाने गाउँपालिकाका अध्यक्ष रुक्माङ्गत भट्टराईले बताए । मन्दिरलाई थप व्यवस्थित गर्दै यस क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने गरी पालिकाले योजना बनाउने उपाध्यक्ष युवराज थापाले बताए । महीपोखरी क्षेत्रमा हालै स्थापना गरिएको सुपा देउराली मन्दिरलाई राम्रो बनाउन विगत दुई वर्षदेखि पालिकाबाट बजेट विनियोजन गरिएको र आगामी दिनमा योजनाबद्ध रुपमा काम गरिने प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद तिमिल्सीनाले बताए । महीपोखरी सुन्दर, शान्त र मनमोहक रहेको छ । अहिले देवीको बासस्थानको रुपमा विकास भएकाले पनि सबै मिलेर यस क्षेत्रको विकासमा लाग्नुपर्ने स्थानीय रामबहादुर सोमरेले बताए । आउँदो बैशाख महिनामा मन्दिरको निर्माण कार्य पुरा गरी उद्घाटन गर्ने गरी मन्दिर निर्माणको काम भइरहेको मन्दिर निर्माण समितिका अध्यक्ष टेकराज पोखरेलले बताए । मन्दिर स्थापनासँगै पालिकादेखि देश विदेशबाट सहयोग जुट्दै गएको छ । सहयोगलाई व्यवस्थित बनाउन बैक खाता खोलेर आम्दानी खर्चलाई व्यवस्थित बनाउँदै लगिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रानाले बताए । सुपा देउरालीको मुख्य मन्दिर अर्घाखाँचीको सन्धिखर्क नगरपालिका–७ र शितगंगा नागरपालिका–२ को सिमान खाँचीकोटमा रहेको छ । सुपा देउरालीको मन्दिर वि.स १६०० सालमा खाँचीकोटका राजा विश्वपालले छोरी सुवर्णकुमारीको नाममा निर्माण गरी भगवती देवीको स्थापना गरिएको विभिन्न इतिहासमा उल्लेख छ । सुपा देउरालीको दर्शन गर्न दैनिक हजारौ भक्तजन पुग्ने र वार्षिक एक करोडको हाराहारीमा दानभेटी रकम संकलन हुने गरेको छ ।

### संक्षिप्त समाचार

## जिप दुर्घटनामा दुई भुटानी नागरिकको मृत्यु



**चौतारा (सिन्धुपाल्चोक),** माघ १७/ सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका–१ दोरिङ भिरमा जिप दुर्घटना हुँदा दुई भुटानी नागरिकको मृत्यु भएको छ । बा २च ४४५० नम्बरको जिप दुर्घटना हुँदा अन्य पाँच जना घाइते भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सञ्जीवकुमार यादवले जानकारी दिए । मृत्यु हुनेमा ३३ वर्षीय अब्गे र ७१ वर्षीया वाङ्मु रहेका छन् । दुवैजनाको घट्नास्थलमै ज्यान गएको हो ।

दुर्घटनामा घाइते हुनेमा चार भुटानी र एक नेपाली नागरिक रहेका प्रहरी निरीक्षक यादवले बताए । घाइते हुनेमा सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका–२ का चालक ४२ वर्षीय रामचन्द्र भण्डारी तथा भुटानी नागरिक ७४ वर्षीय हाइज, ४२ वर्षीया फुपा छिरिङ, ६५ वर्षीया गुची र ५६ वर्षीय फुँङ रहेका छन् । घाइतेलाई उपचारका लागि हेलिकप्टरमा काठमाडौं लगिएको प्रहरीले जनाएको छ । *–रासस*

## आगलागीबाट धनमाल जलेर नष्ट



**पाल्पा,** माघ १७/ पाल्पा र कपिलवस्तुका विभिन्न क्षेत्रमा आगालागीबाट धनमाल जलेर नष्ट भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कपिलवस्तुको गैडहवा, कृष्णनगर र पाल्पाको रैनादेवी छहरामा भएका आगालागीबाट विभिन्न धनामाल जलेर नष्ट भएको हो ।

पाल्पाको रैनादेवी छहरा गाउँपालिका–६ ग्वारठानाको एक घर र गोठमा खागागी हुँदा ३ लाख बराबरको धनमाल जलेर नष्ट भउको छ । स्थानीय बिनिता विकको घर र गोठमा मंगलबार साँझ आगलागी हुँदा घर र गोठ पूर्णरूपमा जलेर नष्ट भएको हो । यस्तै कपिलवस्तुको महाराजगंज नगरपालिका–२ गैडहवाको एक घरमा विद्युत सर्ट भई आगलागी हुँदा धनमाल जलेर नष्ट भएको छ । स्थानीय रामचन्द्र कँहारको घरमा विद्युत सर्ट भई आगलागी हुँदा अन्नपात, लत्ताकपडा, फर्निचरका सामानहरू, सुनचाँदीका गरगहना, ईलेक्ट्रिक सामान गरी १४ लाख ६ हजार बराबरको धनमाल जलेर नष्ट भएको छ । यस्तै कपिलवस्तुकै बिजयनगर गाउँपालिका–३ पत्थरदेहिया घर भई कृष्णनगर नगरपालिका–२ पुरानो बसपार्क बस्ने ईसरार खाँको सोही ठाउँस्थित पार्किङ गरी राखेको एमएच ० इएस ७३३४ नम्बरको कारमा आगलागी हुँदा कार पूर्णरूपमा जलेर क्षति भएको छ ।

## गुल्मीमा पनि 'समदुायमा काँग्रेस' : अभियान प्रभावकारी बनाउन जुटे नेता

**जगदीश भट्टराई**

**गुल्मी (तम्घास),** माघ १७ /'गुल्मी काँग्रेसको अठोट, सवल वडा, सक्षम टोल' भन्ने अभियानलाई निरन्तरता दिदै आएको गुल्मी काँग्रेसले देशव्यापी रुपमा सञ्चालनमा आएको 'समुदायमा काँग्रेस' अभियानलाई समेत जिल्लाका सबै वडा, टोलमा पुऱ्याउने गरी अगाडि बढेको छ । केन्द्रले तीनै तहका सरकारसँगका जनताका अपेक्षा, सुझाव, गुनासो सुन्ने/बुझ्ने उद्देश्य अनुरूप सञ्चालन गरेको 'समुदायमा काँग्रेस' अभियानलाई गुल्मीमा पनि काँग्रेसले बुधबारदेखि सञ्चालनमा ल्याएको हो ।




अभियानको अनुगमन तथा निरीक्षणका लागि गुल्मी आएकी काँग्रेस केन्द्रीय सदस्य डा.डिला संग्रौलाले नेपाली काँग्रेसले इतिहासमै पहिलो पटक वडा समिति सम्मको पहुँचको पहिचान गर्ने कामको शुरुवात गरेको बताइन् ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## 'समुदायमा काँग्रेस' अभियानको सार्थकता

**देशमा ठूलो पार्टीको रुपमा रहेको नेपाली काँग्रेसले पछिल्लो समय राष्ट्रिय अभियानहरु सञ्चालन गर्दै आएको छ । उसले तल्लो तहदेखि नै पार्टी संगठनलाई बलियो बनाउनेदेखि जनतासँग नजिक हुने खालका अभियानहरुलाई प्राथमिता राख्दै आएको छ । आन्तरिक राष्ट्रिय अभियान चलाएको काँग्रेसले अहिले आफ्नो जनाधार नखस्कियोस् भन्ने उद्देश्य अनुरुप 'समुदायमा काँग्रेस' नयाँ अभियान प्रारम्भ गरेको छ । यो माघ १३ गतेदेखि सुरु भएको छ । खुला छलफल, समूहगत छलफल, निर्दिष्ट भेटघाट, सेवा प्रवाह अवलोकन वडा कार्यालय भ्रमण र संवाद गरी पाँच प्रकृतिका विषयलाई काँग्रेसले अहिलेको अभियानमा राखेको छ । अभियानका लागि ७७ वटै जिल्लामा केन्द्रीय तहका नेताहरुलाई प्रतिनिधि बनाएर पठाइएको छ । तीनै तहका सरकारसँगका जनताका अपेक्षा, सुझाव, गुनासो सुन्ने/बुझ्ने अभियानको उद्देश्य रहेको छ ।**

**जनताबाट प्राप्त सुझावलाई तत् तत् तहका सरकारमा पुऱ्याउने, सरकारमा रहेका ठाउँमा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा अग्रसरता लिने, पार्टी प्रतिपक्षमा रहेका ठाउँमा पार्टीको तर्फबाट समाधानका लागि पहलकदमी लिने लगायतका कुराहरु अभियानमा रहेका छन् । काँग्रेसले भाषणलाई निरुत्साहित गर्दै जनताका कुराहरुलाई मात्र अभियानको प्राथामिकतामा राखेको छ । यो आफैमा सकरात्मक मान्नुपर्छ । राजनीतिक दलहरुप्रति जनताको वितृष्ण पैदा भइरहेका बेला काँग्रेसले जनतासँग प्रत्यक्ष जोड्ने गरी चालेको अभियानले राम्रो सन्देश प्रवाह गर्ने विश्वास गर्न सकिन्छ । केन्द्रबाट खटिएका प्रतिनिधिले स्थानीय स्तरमा सेवा प्रवाहको अवस्था, विकास निर्माण, समुदायस्तरमा भएका सकारात्मक प्रयास, उपलब्धि र अभ्यासको अवलोकन गर्ने छन् । पार्टीको अस्तित्व एवं हैसियत स्थापित हुने भनेकै जनधरातलबाट हो । निर्वाचनको मुखमा मात्र जनताको घरदैलोमा मन जितेर मत पाउने अवस्था अबका दिनमा नरहने भएकाले पनि तल्लो तहसम्म पार्टीलाई क्रियाशील बनाउन यस्ता अभियान महत्वपूर्ण हुने गर्दछन् । तसर्थ काँग्रसले अहिले जुन अभियान सञ्चालन गरेको छ सो अभियानबाट जनताका समस्य, गुनासा समाधान गर्न सक्नु र त्यसलाई निरन्तरता दिन सक्यो भने मात्र अभियानले सार्थकता प्राप्त गर्न सक्छ । अन्यथा अभियान जनता भुलाउन गरिएको नाटक मात्र हुनेछ ।**

## Opinion @ Social Network

बग्दै गरेको खुशीलाई आफै बग्न देऊ
छेकेर ताल बनाउन खोज्दा आफै डुब्न सकिन्छ ।
(*मधुमाया रानाको फेसबुक स्टाटस https://www.facebook.com/Madhumaya.rana*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामूहिक समृद्धि लत्याएर सीमित स्वार्थको दुश्चक्रमा सहकारी



**मनिकर कार्की**

लामो समयदेखि सरकारका नीति कार्यक्रम तथा वार्षिक बजेटमा दोहोरिइरहने नारा हो- 'गाउँगाउँमा सहकारी, घरघरमा भकारी' । सरकारले अवलम्बन गरेको तीन-खम्बे अर्थनीतिको एउटा महत्वपूर्ण खम्बा हो, सहकारी । यसर्थ, जनस्तरमा त्यही सहकारिता प्रवर्द्धन गर्ने नीति अनुरूप सरकारले प्रत्येक वर्ष सहकारी प्रवर्द्धनको नारा ल्याउने गरेको छ । सरकारले सहकारिता प्रवर्द्धनका लागि जतिसुकै रणनीतिक योजना ल्याए तापनि जनस्तरमा सञ्चालित सहकारीहरूको कार्यसम्पादन भने सन्तोषजनक देखिंदैन । कृषि क्षेत्रमा आधारित केही कृषि सहकारीहरू बाहेक अन्य सहकारीहरूले जे-जसरी काम गरेका छन्, त्यसले आर्थिक समृद्धिको 'खम्बा'को रूपमा पहिचान पाउन भने सकेको देखिंदैन । सैद्धान्तिक रूपमा सहकारीको प्रवर्द्धन ठीक हो, तर जीवन व्यवहारमा सहकारीहरूले त्यो विश्वास आर्जन गर्न सकेनन् । यसैको परिणतिस्वरूप विगत केही वर्ष र पछिल्ला केही सातामा सहकारीको संकटसँगै त्यसका सञ्चालकहरूको शृङ्खलाबद्ध ठगीका घटनाहरू सार्वजनिक भइरहेका छन् । खासगरी काठमाडौं, पोखरा, बुटवल, चितवन, वीरगञ्ज, नेपालगञ्ज लगायत ठूला शहरहरूमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरूका सञ्चालकहरूले गरेका बचत अपचलनका घटनाहरू निरन्तर बाहिर आइरहेका छन् । यसले हामीले साझेदारी अर्थतन्त्रको खम्बा मानेको सहकारी क्षेत्रको संस्थागत जर्जरता प्रष्ट हुन्छ । केही वर्षअघि काठमाडौंका नाम चलेका ठूला सहकारी जसले वाणिज्य बैंक र अन्य वित्तीय संस्थाहरू समेतलाई चलाउने हैसियत बनाएका थिए, तिनमा देखिएको संस्थागत सुशासनको विद्रुप तस्बिरले हजारौं बचतकर्ताको अर्बौं बचत डुब्यो । अहिले पनि ती बचतकर्ताहरू बचत फिर्ताका लागि संस्थाको ढोकामा लाइन लाग्दैछन् ।

सहकारीका सञ्चालक तथा पदाधिकारीहरूले आफ्नो समूहगत वा निजी फाइदाका लागि बचत अपचलन गर्ने उपक्रम त्यतिबेलादेखि नै तीव्र देखिएको थियो । सञ्चालकहरूको अत्यधिक लोभका कारण हुने जोखियुक्त र निजी लगानी नै सहकारी संकटको मुख्य कारण हो । नियामकबाट हुने फितलो कागजी नियमनको फाइदा उठाउँदै तिनले आफ्नो वित्तीय आवश्यकता पूरा गर्ने उद्देश्यले सहकारीहरू खोले । त्यही सहकारीले शहर-बजारमा हल्लाखल्ला गर्ने भएका कारण सर्वसाधारण पनि आकर्षित भए र बचत गर्दै गए । आखिर तिनै केही खराब नियत बोकेका सहकारी सञ्चालकहरूको बदि्नयतका कारण समग्र सहकारी क्षेत्रले नै संकट बेहोर्नु परिरहेको छ । अहिले सहकारीका लाखौं बचतकर्ताको जीवनभरको कमाइ स्वाहा भएका घटनाहरू सार्वजनिक भइरहेका छन् । यसै क्रममा पछिल्लो समय देशका विभिन्न शहरहरूमा सञ्चालित ठूला भनिएका सहकारी संस्थाहरूमा बचतकर्ताले बचत गरेको अर्बौं बचत जोखिममा परेको समाचार सार्वजनिक भएका छन् । ती बचतकर्ताहरूले आफूले पचास-सय गरी जम्मा गरेको रकम फिर्ता पाउन नसक्ने अवस्था आएको छ । उनीहरू आफ्नो बचत फिर्ताका लागि राज्य गुहारिरहेका छन् । तर, राज्यको संयन्त्रले भने के गर्ने भन्ने कुराको अझै भेउ पाउन सकेको छैन । मुलुकको संविधान र कानुन अनुसार सहकारीको सञ्चालन तथा अनुगमन समेतको जिम्मेवारी पाएका स्थानीय तह हुँदै संघीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र त्यसअन्तर्गतका सहकारी विभागसम्मले सहकारी गडबडीको विकराल अवस्था पहिल्याउन सकेका छैनन् । उनीहरूसँग के-कति सहकारी संकटमा छन् ? तिनको वित्तीय अवस्था कस्तो छ ? उनीहरूको संस्थागत सुशासनको अवस्था के कस्तो छ ? भन्नेसम्मको जानकारी अद्यावधिक गर्न सकेका छैनन् । त्यस्तै संकटग्रस्त र संकटोन्मुख सहकारीहरूमा के-कति बचतकर्ताको कुल कति बचत जोखिममा परेको छ भन्नेसम्मको तथ्यांक देखिंदैन । रेकर्डमा आएका तथ्याङ्क त बचतकर्ताहरूले उजुरी दिएका घटनाका विवरण मात्रै हुन् । सहकारी विभागले जनाए अनुसार हालसम्म पुगनपुग ६३ लाख साना कृषक, कालिगड, श्रमिक, उपभोक्ता र निम्न आय भएका विपन्न परिवारका सदस्यहरू सहकारीमा आवद्ध रहेका छन् ।

विभागकै तथ्यांक अनुसार मुलुकका सबै प्रदेश, जिल्ला र नगरपालिका वा गाउँपालिकामा गरी कुल ३४ हजार बढी सहकारी संस्थाहरू सञ्चालित रहेका छन् । यति ठूलो संख्यामा उपस्थित सहकारीहरूले के कसरी काम गरेका छन् ? तिनको वित्तीय अवस्था कस्तो छ ? संस्थागत सुशासनको अवस्था के छ ? संस्थागत विकासको अवस्था के छ ? संस्थाका सदस्य र सञ्चालकहरूबीचको सम्बन्ध कस्तो छ ? समाजमा ती संस्थाहरूले कस्तो सम्बन्ध विकास गरेका छन् ? यी यावत् प्रश्नको यथोचित उत्तर भेटिंदैन । सैद्धान्तिक रूपमा न्यून आय भएका व्यक्तिहरूले सामूहिकतामा एक अर्कालाई वित्तीय सहायता प्रदान गर्ने र आफ्नो गर्जो टार्ने उद्देश्यका साथ सहकारी अभियान सुरु भएको हो । यो एक सामाजिक एवं आर्थिक सशक्तीकरणको आन्दोलन हो । सरकारले सहकारी संस्थाहरूलाई पनि गरिबी निवारणको वित्तीय सहजीकरण गर्ने माध्यमको रूपमा लिएको थियो । वास्तवमा सहकारी हुनेखानेहरूका लागि हुँदै होइन, यो त समान हैसियत भएका र एउटा निश्चित समुदायमा बस्ने व्यक्तिहरूले आफूसँग भएको स-सानो रकम बचत गर्ने र त्यही बचत सहकारीमा आवद्ध सदस्यहरूलाई परिचालन गरी वित्तीय आवश्यकता पूरा गर्ने उद्देश्यले स्थापित संस्था हो । तर, यसको मर्म र भावनाविपरीत हुने गरी जसरी ठूला शहरहरूमा अर्बौंको कारोबार गर्ने गरी सहकारीहरूलाई सञ्चालन गर्न दिइयो, त्यो नै सहकारी संकटको पहिलो त्रुटि थियो । सामूहिकताको भावनामा आधारित भएर सीमित वित्तीय कारोबार गर्ने संस्थालाई खुल्ला रूपमा विना नियमन 'असीमित' वित्तीय कारोबार गर्न दिइनु आफैंमा गलत थियो । सहकारी त्यसमा पनि बचत तथा ऋण सहकारीहरू केवल संस्था मात्र होइनन्, ती आम बचतकर्ताको भरोसा र विश्वास आर्जन गर्ने संस्थाहरू हुन् । जब ती संस्थाहरूलाई सर्वसाधारणबाट बचत संकलन गर्न इजाजत दिइन्छ भने तिनको नियमन पनि त्यस्तै प्रभावकारी हुनुपर्दथ्यो । अन्यथा संख्यात्मक उपस्थितिलाई कडाइ गर्नुपर्दथ्यो । जब कुनै पनि संस्थाले सर्वसाधारणबाट बचतको रूपमा रकम उठाउने इजाजत प्राप्त गर्दछ भने त्यस्तो संस्थालाई इजाजत दिने, अनुगमन र नियमन गर्ने तालुकवाला छुट्टै केन्द्रीय मन्त्रालय समेतको आवश्यकता महसुस नगर्नु नि:सन्देह सर्वसाधारणको धनको बेवास्ताको पराकाष्ठा नै हो । किनकि अहिलेको तालुकवाला मन्त्रालयले सहकारीको मर्म र भावना अनुरूप न कार्य गर्न सक्छ, न त यसको दृष्टि नै पुगेको छ । प्रेषित कागजातका आधारमा दर्ता र नवीकरण गरी संख्यात्मक उपस्थितिलाई अद्यावधिक गर्ने बाहेक सहकारी विभागबाट अरू अपेक्षा पनि गर्न सक्दिैनथ्यो र भएन पनि । परिणामस्वरूप ६३ लाख सर्वसाधारण जोडिएका संस्थाहरूको यथोचित अवस्थाबारे जानकारी छैन ।

सहकारीको मूल उद्देश्य नै आर्थिक सबलीकरण र समुदायको सामूहिक आवश्यकता र हित प्रवर्द्धन गर्नु हो भने शहरबजारमा बैंक तथा वित्तीय संस्थाहरू भन्दा ठूला सहकारीहरूलाई किन बेलगाम वित्तीय कारोबार गर्न दिइयो ? के नियामक निकायलाई थाहा थिएन ? त्यसरी सर्वसाधारणबाट उठाइएको बचतको परिचालन के कसरी भएको छ ? भनेर बेलैमा चासो राख्न सक्दिैनथ्यो ? खासमा नियमनको दायराबाट बाहिर रहेकै कारण धेरै चलाख बिचौलियाहरूले सहकारीलाई आफ्नो वित्तीय आवश्यकता पूरा गर्ने माध्यम बनाएका थिए । जुन कुरा नियामक निकायले बेलैमा महसुस गर्न सक्नुपर्दथ्यो । अनि शहरबजारका शिक्षित र सचेत वर्गले समेत धेरै ब्याजको लोभमा हैसियत बेगरका अपारदर्शी सहकारीहरूमा ठूलो रकम बचतको रूपमा राखिदिंदा ब्याजको लोभमा सावाँ नै गुम्ने खतरा उत्पन्न भएको छ । आफूले कारोबार गर्ने सहकारीको पूँजी कति छ ? बचत कति छ ? ऋण कति छ ? कस्तो क्षेत्रमा ऋण प्रवाह गरेका छन् ? यी यावत् विषयहरूमा सूक्ष्म अध्ययन जरूरी हुन्थ्यो । केवल ठूला भवन र बैंकका कार्यालय जस्ता काउन्टर खोलेकै भरमा सहकारीमा जति पनि पैसा जम्मा गर्नुहुँदैनथ्यो । जुन गल्ती शहर-बजारका बुझक्कड बचतकर्ताहरूले गरे । अहिले बचत जोखिममा परेका बचतकर्ताहरूको बचत फिर्ताकै सवालमा पनि आवश्यकता भन्दा बढी राजनीतीकरण गरेको दखिन्छ । कतिपय राजनीतिक नेतृत्व समेतले सरकारले बचतकर्ताको बचत फिर्ता गर्नुपर्ने तर्क गरिरहेका छन् । त्यसो त बैंक र लघुवित्तको ऋण पीडितहरूका माझमा पुगेर पनि सरकारले ब्याज मिनाह गर्नुपर्ने तथा लघुवित्तको ऋण मिनाह गर्नुपर्नेसम्मका माग राखेको देखिन्छ । यस्ता कुरा भने बेृवाँकका फन्डा मात्रै हुन् । किनकि बैंक वा वित्तीय संस्थाहरूले ब्याज मिनाह गर्न सरकारले उक्त रकम फिर्ता भुक्तानी गरेर मात्रै संभव हुन्छ । अनि सरकारसँग सहकारीका बचतकर्ताको बचत फिर्ता, बैंकको ब्याज फिर्ता, लघुवित्तको ऋण मिनाह गर्ने अथाह धनराशि चैं कहाँबाट आउँछ ? उही करदाताले चुनदाम गरी तिरेको करबाट संकलित राजस्वको उपयोग यस्ता खर्चका लागि गर्न सम्भव पनि हुँदैन । फेरि ठूलो र दिगो राजस्वको स्रोत समेत नभएको मुलुकको अर्थतन्त्रमा वित्तीय संकट गहिरिंदै गर्दा आफ्नो नियमित खर्च धान्न समेत सरकारलाई धौ-धौ छ भने यी यावत् वित्तीय आवश्यकता पूरा हुनसक्ने कुनै गुन्जायसै रहँदैन । त्यसैले यस्ता सवालमा जनतालाई अनावश्यक अपेक्षा सिर्जना गरिदिने गरी अनेकन् फन्डा गरेर राज्यविरुद्ध विश्वासको संकट पैदा गर्न खोज्नु दुर्नियतपूर्ण राजनीति हो । यो आफैंमा गलत त हुँदै हो, एक प्रकारको सामाजिक अपराध पनि हो । हो, सरकार र नियामक निकायले जोखिममा परेका सहकारीका बचतकर्ताहरूको बचत सुनिश्चित गराउन भने केही पहल लिनै पर्छ । एकैचोटि सबैका बचतफिर्ता सम्भव हुँदैन तर, बचतको सुरक्षण गर्न भने ढिला गरिनुहुँदैन । यसका लागि निम्न कुराहरूलाई ध्यान दिन आवश्यक देखिन्छ :

पहिलो, मुलुकभरका बचत तथा ऋण सहकारीहरूको स्थलगत एवं गैरस्थलगत निरीक्षणलाई तीव्र बनाएर संकटग्रस्त एवं संकटोन्मुख सहकारी, बचतकर्ता र तिनको बचतको यकिन विवरण निकाल्नुपर्छ । समस्याग्रस्त सहकारीहरूको कर्जा सापटीको विवरण र धितोको अवस्था मूल्यांकन गरी कर्जा असुरउपर गर्ने कामलाई तीव्र पार्न जरूरी छ ।

दोस्रो, दुर्नियत भएका सहकारी सञ्चालकहरूलाई बेलैमा कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ । यस्ता व्यक्तिहरू सधैं शक्ति र सत्ताको पहुँचका कारण उन्मुक्त हुन्छन् वा सधैं फरार रहिरहन पाउँछन् । तर, यस्तो वित्तीय अपराधमा संलग्नहरूलाई राज्यले उन्मुक्ति दिने कुनै स्पेश दिनुहुँदैन । ती व्यक्तिहरूका व्यक्तिगत एवं पारिवारिक सम्पत्ति विवरण संकलन गरी कानुनी प्रक्रियाबाट स्रोत यकिन नभएका त्यस्ता सम्पत्तिहरूको बिक्री गरी संस्थागत रूपमा सहकारीको आम्दानी लेखांकन गरी बचत फिर्ताका लागि कोष खडा गर्नुपर्दछ ।

तेस्रो, बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरूलाई पनि वित्तीय संस्थाको रूपमै व्यवहार गरी त्यसको इजाजत दिने, नियमन तथा निरीक्षण गर्ने निकायलाई प्रभावकारी र प्रविधिमैत्री बनाएर अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ । सर्वसाधारणको बचत संकलन गर्ने जुनसुकै संस्थालाई वित्तीय संस्थाको रूपमा व्यवहार गरी नियमनलाई प्रभावकारी बनाउनुपर्छ ।

चौथो, सहकारीहरूको संख्यात्मक उपस्थिति र कारोबारमा हुने दोहोरोपनालाई मध्यनजर गरी सहकारी मर्जर गर्ने अभियानलाई पनि तीव्रताका साथ सञ्चालन गर्न जरूरी देखिन्छ । त्यस्तै सहकारी के हो ? कसरी काम गर्छ ? कस्ता व्यक्तिहरूले सहकारीमा बचत गर्नुपर्छ ? संस्थागत सुशासन के हो ? यी र यस्तो विषयमा नियमित वित्तीय साक्षरता प्रदान गर्ने कार्यलाई पनि तीव्र बनाउनुपर्दछ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक क्षेत्रमा धन खर्च हुनेछ । यात्राका सजगता अपनाउनु पर्नेछ । | **तुला** : सानातिना समस्यामा अल्झनुपर्नेछ। पारिवारिक समस्या पनि बढ्न सक्छ । |
| **वृष** : अरूको भर नपरी सही निर्णय लिन सके थप सफलता र अवसर प्राप्त होला । | **वृश्चिक** : धन लाभका योग देखिन्छ । प्रेम जीवन पनि सफल रहनेछ । |
| **मिथुन** : दुष्ट व्यक्तिको संगतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला । | **धनु** : आँटेको र ताकेको कार्य पुरा होला। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : समाज सेवामा मन लाग्नेछ । सांगीतिक क्षेत्रमा रुचि पनि बढ्नेछ । | **मकर** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । |
| **सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ । | **कुम्भ** : नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ । |
| **कन्या** : धार्मिक सेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । | **मीन** : आफन्तबाट सहयोग प्राप्त हुनेछ। नयाँ कार्यको थालनी हुनेछ । |




निबन्ध — कमल रिजाल

# तटस्थ उपलब्धि र तिनका भेद

*उदाहरणका लागि अमेरिकी अन्तरिक्ष योजनालाई नै लिन सकिन्छ । जस्तो अमेरिकाले चन्द्रमामा पाइलो टेक्यो, मंगलमा यान उतार्‍यो । भोलि मानिस नै पनि उतार्ला । चन्द्रमामा बस्ती विकासको कुरा हुँदै छ । अमेरिकाका लागि यो ठुलो उपलब्धि हो तर अमेरिका बाहेक अन्य देशका लागि त्यसले कुनै अर्थ राख्दैन । त्यसैले यस्ता उपलब्धि अन्य देशका लागि अन्तर्राष्ट्रिय तटस्थ उपलब्धिमा पर्छन् । हेरौँ अरू पनि केही उदाहरण । जस्तो एकताका जापानी विकासले संसार छाएको थियो । विश्वमै प्रख्यात थियो जापानी मोडेलको विकास । जापानका लागि यो ठुलो उपलब्धि थियो । अकल्पनीय उपलब्धि तर यही उपलब्धि अन्य धेरै देशका लागि तटस्थ उपलब्धि हुन पुग्यो । जापानी जनता पौरखी थिए विकास गरे । अर्का देशले त्यसबाट सिक्न सकेन । फलत : उनीहरू विकासमा सधैँ पछि नै परे । यहाँ जापानले तरक्की गरेकै हो तर त्यो तरक्की उसका लागि मात्र भयो । अरूका निम्ति यसको कुनै अर्थ रहेन । त्यस अर्थमा त्यो अन्तर्राष्ट्रिय तटस्थ उपलब्धि हुन पुग्यो । हाल चीनको अवस्था त्यस्तै छ । चीनले अन्तर्राष्ट्रिय जगतमा विकासको क्षेत्रमा निकै तहल्का मच्चाइरहेको छ । भारतले पनि त्यस्तो प्रयास नगरेको होइन तर उसले चीनको अनुपातमा खासै गर्न सकेको छैन । यस अर्थमा भारतका निम्ति चीनको उपलब्धि तटस्थ उपलब्धिमै पर्ने गर्छ ।*

उपलब्धि धेरै किसिमका हुन्छन् । आत्म केन्द्रित उपलब्धि, परकेन्द्रित उपलब्धि, व्यक्तिगत उपलब्धि, सामूहिक उपलब्धि, तटस्थ उपलब्धि यस्तै यस्तै । त्यसैगरी तिनीहरूमा पनि प्रत्येकका विभिन्न भेद र विशेषता हुन्छन् । यिनैमध्ये यहाँ तटस्थ व्यक्तिगत उपलब्धिका बारेमा चर्चा केन्द्रित गर्ने प्रयास गरिएको छ ।

**तटस्थ व्यक्तिगत उपलब्धि**

व्यक्ति केन्द्रित उपलब्धिलाई व्यक्तिगत उपलब्धि भनिन्छ । यस्ता उपलब्धि नितान्त व्यक्तिगत हुन्छन् । यसमा अरूको कुनै पनि किसिमको चासो र साइनो हुँदैन । मानिलिनुस् पल्लो घरको सानेले पढाइमा उन्नति गर्‍यो । सानैदेखि होनहार थियो । पढाइमा अब्बल, अनुशासित त्यस्तै । कक्षामा जहिले पनि पहिलो हुन्थ्यो । अहिले ऊ ठुलो बैंकको म्यानेजर छ । महिनाकै लाखौँ कमाउँछ । उसका लागि यो व्यक्तिगतरूपमा ठुलो उपलब्धि हो तर तपाईका निम्ति भने तटस्थ उपलब्धि हो । किनकि यसमा तपाईंको कुनै साइनो छैन । त्यसैले यस्ता उपलब्धि व्यक्तिगत तटस्थ उपलब्धिमा पर्छन् । अथवा हुन सक्छ तपाई सानैदेखि पढाइमा अब्बल हुनुहुन्थ्यो । निरन्तर राम्रो अंक लिएर कक्षा चड्दै जानुभयो र लोकसेवा पास गरी सचिवसम्म हुनुभयो तर तपाईकै छिमेकी एक समयवयी साथी थिए । उनी पढ्नमा भन्दा गफगाफमा बढी ध्यान दिन्थे । उखान टुक्का भट्याएर दुनियाँ हँसाउने गर्थे । फलत: उनले पढाइलाई अघि बढाउन सकेनन् । त्यसैले राजनीतितिर लागे । राजनीतिमा लागेकै कारण केही वर्ष जेल पनि बसे तर जेलबाट छुटेपछि एकाएका देशको सांसद भए, मन्त्री भए । एक पटक संयोगवश तपाईंकै मन्त्रालयको मन्त्री हुन पुगे । एकताका पढाइमा ध्यान नदिने भनेर तपाईंले वास्ता नगरेको मानिस तपाईंकै हाकिम हुन आइपुगे । यो पनि उसको व्यक्तिगत उपलब्धि हो तर तपाईका लागि भने यो तटस्थ उपलब्धि हुन पुग्यो । त्यसैले यो पनि व्यक्तिगत तटस्थ हुन पुग्यो । अब आउनुस् एक छिन तटस्थ सामूहिक उपलब्धिका बारेमा पनि चर्चा गरौँ । यस्ता उपलब्धि समूहसित सम्बन्धित हुन्छन् । मानिलिनुस् पल्लो गाउँमा खानेपानीको अभाव थियो । त्यहाँका मानिसले कडा श्रम गरेर कोषौँ परबाट कुलो काटेर पानी ल्याए । त्यहाँका बासिन्दाका लागि त्यो ठुलो उपलब्धि हो तर वल्लो गाउँका लागि त्यो कागलाई बेल पाके सरह भयो । यस अर्थमा त्यस गाउँका निम्ति यो उपलब्धि सामूहिक तटस्थ उपलब्धि हुन पुग्यो । त्यस्तै काठमाडौँमा मेलम्चीको पानी आयो । काठमाडौँ वासीको वर्षौंदेखिको सपना थियो त्यो । यहाँका बासिन्दालाई ठुलो उपलब्धि हो यो तर अन्य प्रदेशका लागि यो हर्ष न बिस्मातको हुन पुग्यो । त्यसैले यो उपलब्धि पनि उनीहरूका निम्ति तटस्थ सामूहिक उपलब्धि नै हुन पुग्यो । हेरौँ अर्को पनि यस्तै उपलब्धिको नमुना । मानौँ एउटै गाउँमा पनि कुनै एक परिवारले निकै प्रगति गर्‍यो, शिक्षामा गर्‍यो, शास्त्रमा गर्‍यो । अर्थमा गर्‍यो, वित्तमा गर्‍यो तर त्यही गाउँको अर्को परिवारले गर्न सकेन । यस अर्थमा पछिल्लो परिवारका लागि त्यो उपलब्धि पनि तटस्थ सामूहिक तटस्थ उपलब्धि नै हुन पुग्यो ।

**अन्तर्राष्ट्रिय तटस्थ उपलब्धि**

कतिपय उपलब्धि अन्तर्राष्ट्रिय तटस्थ उपलब्धिमा पर्छन् । यस्ता उपलब्धि अन्तर्देशीय हुन्छन् । एउटा देशले निकै विकास गर्‍यो अर्को देशले गर्न सकेन । यस्तो अवस्थामा विकास गर्न नसक्ने देशका लागि विकास गर्ने देशले गरेको उपलब्धि तटस्थ उपलब्धि हुने गर्छन् । उदाहरणका लागि अमेरिकी अन्तरिक्ष योजनालाई नै लिन सकिन्छ । जस्तो अमेरिकाले चन्द्रमामा पाइलो टेक्यो, मंगलमा यान उतार्‍यो । भोलि मानिस नै पनि उतार्ला । चन्द्रमामा बस्ती विकासको कुरा हुँदै छ । अमेरिकाका लागि यो ठुलो उपलब्धि हो तर अमेरिका बाहेक अन्य देशका लागि त्यसले कुनै अर्थ राख्दैन । त्यसैले यस्ता उपलब्धि अन्य देशका लागि अन्तर्राष्ट्रिय तटस्थ उपलब्धिमा पर्छन् । हेरौँ अरू पनि केही उदाहरण । जस्तो एकताका जापानी विकासले संसार छाएको थियो । विश्वमै प्रख्यात थियो जापानी मोडेलको विकास । जापानका लागि यो ठुलो उपलब्धि थियो । अकल्पनीय उपलब्धि तर यही उपलब्धि अन्य धेरै देशका लागि तटस्थ उपलब्धि हुन पुग्यो । जापानी जनता पौरखी थिए विकास गरे । अर्का देशले त्यसबाट सिक्न सकेन । फलत : उनीहरू विकासमा सधैँ पछि नै परे । यहाँ जापानले तरक्की गरेकै हो तर त्यो तरक्की उसका लागि मात्र भयो । अरूका निम्ति यसको कुनै अर्थ रहेन । त्यस अर्थमा त्यो अन्तर्राष्ट्रिय तटस्थ उपलब्धि हुन पुग्यो । हाल चीनको अवस्था त्यस्तै छ । चीनले अन्तर्राष्ट्रिय जगतमा विकासको क्षेत्रमा निकै तहल्का मच्चाइरहेको छ । भारतले पनि त्यस्तो प्रयास नगरेको होइन तर उसले चीनको अनुपातमा खासै गर्न सकेको छैन । यस अर्थमा भारतका निम्ति चीनको उपलब्धि तटस्थ उपलब्धिमै पर्ने गर्छ ।

त्यसैगरी विश्वमा असंलग्न परराष्ट्र नीतिको एउटा आन्दोलन नै छ । एकताका अमेरिका र रुसले हातहतियारमा निकै विकास गरेको थियो । यसैका कारण उनीहरूबिच टकराबको स्थिति आयो । अमेरिकाले आफू समर्थित राष्ट्रलाई एटलान्टिक सन्धी संगठन मार्फत् आफूमा गोलबद्ध गर्‍यो । रुसले वार्षा सन्धि संगठन मार्फत् आफूसम्बन्धित राष्ट्रलाई आफूमा गोलबद्ध गर्‍यो । फलत विश्व एटलान्टिक ग्रुप र वार्षा गुट गरी दुई ध्रुवमा बाँडिन पुग्यो । ती दुई गुटमध्ये कतै पनि नलाग्ने देशहरू असंलग्न नीतिमा आबद्ध हुन पुगे । उनीहरूले यसलाई आन्दोलनकै रूपमा अगाडि बढाए । यो पनि एक किसिमले अन्तर्राष्ट्रिय तटस्थ उपलब्धि नै हुन पुग्यो । यी केही उदाहरण हुन् । हरेका क्षेत्रमा यही नियमले काम गरेको हुन्छ ।

*-रातोपाटी डटकम*

व्यक्तित्व — डा. रेणुका सोलु

# मैले चिनेको प्रा.डा. यज्ञप्रसाद अधिकारी

प्रा.डा. यज्ञ प्रसाद अधिकारी सरको नाम सुनेको धेरै अगाडिदेखि हो । जब म पद्मकन्या क्याम्पस बागबजारमा आइ.ए. पढ्थेँ । त्यो बेला ने.वी. संघको राजनीतिक गतिविधिमा संलग्न हुँदा र बहस विमर्श हुँदा सरको नाम पनि सुन्थेँ । जननेता बी.पी.का सच्चा अनुयायी, बनारस हिन्दू विश्वविद्यालयबाट नेपाली काँग्रेसको विदेश नीति सम्बन्धमा विद्यावारिधि गर्ने विद्वान व्यक्तित्व भनेर अग्रज गुरुहरूले उहाँको नाम लिएको पनि सुन्थेँ । जब म जागिरको सिलसिलामा त्रिभुवन विश्वविद्यालयमा प्रवेश भएँ तब पेशागत हक हितका लागि विभिन्न कार्यक्रममा सहभागी हुन थालेँ । विभिन्न प्रायोगिक बहस अनि छलफलहरूमा सहभागी हुने अवसर मिलिरह्यो । ती अवसरहरूमध्ये सबैभन्दा उत्कृष्ट अवसर भनेकै प्रा.डा. यज्ञ अधिकारीज्यूले नेतृत्व गर्नुभएको प्रजातान्त्रिक समाजवादका विषयमा हुने प्राज्ञिक बहस थियो । जननेता बिपीद्वारा प्रतिपादित प्रजातान्त्रिक समाजवादका व्याख्याता डा. अधिकारी कहिले आफैं प्रशिक्षक भएर त कहिले अरू प्रशिक्षकको मार्गनिर्देशक भएर आफ्नो भूमिका निर्वाह गरिरहनुहुन्थ्यो । हामी नजिकबाट सहभागीका आँखाले नियालिरह्यौँ । विद्वानहरू भेला गर्ने, विभिन्न सेमिनार, गोष्ठी आयोजना गर्ने अनि कहिले प्रजातान्त्रिक समाजवादको विषयमा आफैँले कार्यपत्र प्रस्तुत गर्ने त कहिले अन्य विद्वानहरूले प्रस्तुत गरेका कार्यपत्रमाथि खरो समालोचना गर्ने साहस गर्नुहुन्थ्यो ।

काठमाडौं उपत्यकाभित्र मात्र सीमित नरहेर नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म राष्ट्र, राष्ट्रियता र प्रजातान्त्रिक अधिकारका लागि बौद्धिक विचार प्रवाह गर्ने अभियानका अभियन्ता भएर दौडिरहेको देख्थ्यौँ हामी । बी.पी. लाई हामीले साहित्यकार र राजनीतिज्ञ भनेर चिन्यौँ । उनले साहित्य र राजनीतिलाई आफ्नै मार्गमा हिँडाउन सफल जसरी भए त्यसैगरी डा. अधिकारी पनि प्रजातान्त्रिक समाजवादको प्राज्ञिक अभियान र उच्च शिक्षाको विकास, अध्ययन, अनुसन्धानलाई सँगै अगाडि बढाउन लागिरहनु भयो । विभिन्न सभा, सेमिनार, सम्मेलन, आमसभा जस्ता स्थानहरूमा सुनेका उहाँका विचार र विभिन्न पत्रपत्रिका, स्मारिका, ग्रन्थहरूमा पढेका उहाँका आलेखहरूबाट पनि उहाँ समाजवादी चिन्तनका बौद्धिक चिन्तक हुनुहुन्छ भन्ने अवगत भएको हो । नेपालको प्रजातान्त्रिक आन्दोलन, आन्दोलनमा क-कसको कति योगदान, त्यसको उपलब्धि, प्रजातान्त्रिक समाजवादको औचित्य, अवस्था, परराष्ट्र नीति जस्ता गहन विषयलाई मूलधारमा राखेर उहाँले लेख्नुभएका ग्रन्थहरू, कार्यपत्रहरू चिनेर पढ्नेका लागि कालजयी लाग्छन् । विदेश नीति विषयमा नै विद्यावारिधि गर्नुभएको हुनाले यो विषयका ज्ञाता नै हुनुहुन्छ भनेर सगौरव बोल्न सकिन्छ । डा. अधिकारीलाई नजिकबाट अर्थपूर्ण संगत गर्नेले उहाँको प्रजातान्त्रिक क्रान्तिकारी इतिहास, प्रजातान्त्रिक बौद्धिक योद्धा, आदर्शको विरासत पक्षलाई हृदयदेखि नमन गर्नुपर्छ जस्तो लाग्दछ । प्रजातन्त्रकै लागि लडिरहँदा विभिन्न समयमा जेलनेल खेपेका, विभिन्न यातनाबाट पिल्सिएका उहाँ वास्तवमा नै लोकतन्त्रका हिमायती हुनुहुन्छ । विभिन्न विश्वविद्यालयका लागि मात्र नभएर यो राष्ट्रका लागि नै डा. अधिकारीले दिएका योगदान अतुलनीय छन् । यस्ता व्यक्तित्वसँगको सामिप्यतामा रहेर हिँड्दै गर्दा मेरो परिवारलाई पनि तिर्नै नसक्ने गुन लगाउनुभएको छ उहाँले । मैले डा. अधिकारीलाई सम्झँदै गर्दा सम्झिरहनुपर्ने क्षण अनगिन्ती छन् । ती मध्ये पनि एउटा प्रसङ्ग म कहिल्यै भुल्न सक्दिन जो यहाँ पनि उल्लेख गर्न मन लाग्यो ! कसैको कुभलो नचिताउने, सबैलाई समान दृष्टिले हेर्ने, सकारात्मक सोचका धनी डा. अधिकारीको नजरमा थापाजी र म प्रिय भाइ र बहिनी थियौँ । दौडिएर कहिल्यै नथाक्ने यो नमुना जोडी भनेर सबै सामु हामी दम्पतीलाई चिनाउनुहुन्थ्यो उहाँले । "यु आर अ स्ट्रोङ लेडी, रियल्ली प्राउड अफ यू मेरो बहिनी" उहाँले बारम्बार मलाई सम्बोधन गर्ने भाषाशैली नै यस्तै हुन्थ्यो । उहाँको यो ऊर्जावान् सम्बोधनले अझै केही गर्नुपर्छ भन्ने मलाई नैतिक दबाब दिइरहे जस्तो लाग्थ्यो । थप ऊर्जावान् भएर उभिन्थ्यो समय । एक समयमा थापाजी त्रिवी केन्द्रीय बजेट शाखामा काम गर्दैगर्दा देशभरि रहेका त्रिवीका आङ्गिक क्याम्पसहरूको बजेट हेर्नुपर्थ्यो । उपत्यका बाहिरबाट आउनुभएको क्याम्पस प्रमुख र लेखा प्रमुखको भिड हुन्थ्यो सधैं । टाढा टाढादेखि आउनुभएको उहाँहरूलाई सकेसम्म चाँडो काम भ्याइदिऊँ भन्ने लागेर नै होला थापाजी जतिबेला पनि व्यस्त रहनुहुन्थ्यो । कार्यकक्ष अत्यन्तै चिसोका कारण र कामको चापले भोकको पनि वास्ता नगरेका कारण थापाजी धेरै पटक अस्पताल भर्ना गर्नुपर्ने गरी नै बिरामी पर्नुभयो । कम उमेरमा नै दमको सिम्टम देखियो । बाहिर अरूलाई नदेखाउने तर भित्रभित्रै धेरैवटा रोगले समातेर गाह्रो बनाइरहेको थियो । त्यही समयमा हजुरको नेतृत्वमा रहेको अफिसमा सरुवा ल्याइदिनु पर्‍यो । मलाई त यतिबेला मेरो पति र मेरा सन्तानका पिता चाहिएको छ अरू केही चाहिएन । समयले साथ दियो भने अरू त म आफैं पनि सामना गर्न सामर्थ्य राख्छु । यस्तै मेरा अनुरोधका शब्दहरू सुनिसकेपछि यज्ञ सरले प्रक्रिया पुर्‍याएर थापाजीलाई आफू डाइरेक्टर भएकै अफिस सिनास्टरमा सरुवा गराएर ल्याउनुभयो र घाम लाग्ने कोठामा आर्थिक प्रमुखको जिम्मेवारी दिएर राख्नुभयो । त्यसपछि यज्ञ सरसँगको सहयात्राले थापाजी पनि रिफ्रेश हुन थाल्नुभयो । जहाँ कामको ससम्मान मूल्याङ्कन हुन्छ त्यहाँ मान्छे आत्मसम्मान महसुस गर्छ र ऊर्जावान् भएर सेवामा समर्पित हुन्छ भन्ने चेतना भएकै कारण यज्ञ सरको व्यवहारले थापाजी रिफ्रेश हुनमा ठूलो मद्दत पुर्‍यायो । त्यो बेलादेखि अहिलेसम्म त्यस्तो बिरामी परिरहने हुँदैन थापाजीलाई ।

साँच्चै भन्दा रोग नै हरायो उहाँको । त्यो क्षण अहिले पनि म सम्झन्छु कि यज्ञ सरको मानव फदयका कारण मैले मेरो पति र मेरा सन्तानले पिता गुमाउनबाट जोगियौं । त्योभन्दा अहोभाग्य हाम्रो परिवारको लागि के नै हुन्छ र ? यस्तै गुन त डा. अधिकारीले हजारौंलाई लगाउनु भएको हुनसक्छ । मानवीय संवेदना भएका मानिसले संवेदनशील फदयको मर्मबोध गर्न सक्छन् भन्ने एउटा सगरमाथा जत्रै अग्लो अनि उस्तै निर्भीक प्रमाण उभिएको देखिरहन्छु म डा. अधिकारीको व्यक्तित्वमा । यसरी अरूको पीडालाई आफ्नै पीडा सम्झेर समाधानको दबाई पिलाउन तत्पर रहने स्वाभिमानी सहयोगी विद्वान व्यक्तित्व अहिले कहाँ हुनुहुन्छ त भनेर चासो राख्नेलाई मैले बताउनुपर्ने हुन्छ । वि.सं. २०७५ वैशाख २९ गते एक्कासि ब्रेन स्ट्रोक भएर अशक्त हुनुभएको र उपचार गर्दागर्दै नौ महिनापछि पुनः ब्रेन स्ट्रोक भएपछि डा. अधिकारीको चलायमान सक्रिय जीवन अस्पतालको बेडमा पुग्यो । अस्पतालका नर्स, स्टाफ, डाक्टरहरूको मेडिकल उपचार पद्धति र जीवनसाथी भुवन थपलीयको सफदयी रेखदेखका कारण साथै डा. अधिकारीको दृढ आत्मशक्तिको कारण उहाँ होसमा फर्कन सफल हुनुभएको छ । भ्रष्टाचार नगर्ने, कुकर्म गरेर पैसा कमाउन नैतिकताले नमान्ने र आफ्नो प्राध्यापकको सुख्खा तलबले सभा, सम्मेलन, आन्दोलन, सहयोग, चन्दा सबैतिर खर्च पुर्‍याउँदै बचेको पैसाले काठमाडौंमा जग्गा किन्ने, घर बनाउने भन्ने सोचन समयले साथ दिएन सायद । यसरी लामो समय डेराकै बास बस्नुभयो । अब आफू पनि थलामै र जीवनसाथी पनि आफ्नै सेवामा समर्पित हुनुपरेपछि आयआर्जनको बाटो बन्द हुँदै जाँदा काठमाडौँ डेराको बसाई पनि कठिन हुन थाल्यो अनि चितवनमा नै बसोबास गर्न थालेका छौँ भन्नुहुन्छ । उहाँ बेलाबेला फोन वार्ता हुँदा "अलिअलि उठेर हिँड्न थालेको छु कोठाभित्र अनि बरण्डासम्म बिस्तारै" भन्नुहुन्छ । उहाँलाई सुन्दासुन्दै म स्तब्ध हुन्छु र सोंच्छु ! एकजना राजनीतिक योद्धा, प्रजातान्त्रिक समाजवादका विज्ञ, विदेश नीतिका ज्ञाता, राजनीतिक विश्लेषक, प्रजातन्त्रका लागि क्रान्ति गर्ने एउटा सिङ्गो क्रान्तिकारी इतिहास, स्वाभिमानी, विद्वान, प्राध्यापक, रिसर्चर, निर्भीक नेतृत्व क्षमता भएका नेताको अवस्था यस्तो छ भने यो देशमा कसको हुन्छ ससम्मान सम्बोधन ? म पदमा हुँदा सबै मेरा आफन्तजन मित्रजन लाग्थे तर आज कोही पनि फर्केर आउँदैन भनेर किन आँखा भिजाउनुहुन्छ उहाँ र भक्कानिनुहुन्छ पटकपटक । उहाँसँगै जेलनेल परेका मन्त्री भए, राजदूत बने तर कसरी बिर्सन सके सहयात्रीलाई ?

नेपाली कांग्रेसको पहिलो जननिर्वाचित सरकारको विदेश नीतिमाथि शोध अनुसन्धान गरेर विद्यावारिधि उपाधि प्राप्त गर्नुभएका विदेश नीतिका ज्ञाता समाजवादलाई गहिरोसँग छामेर व्याख्या विश्लेषण गर्न सक्ने प्रख्यात विश्लेषक, नेपाली काँग्रेस पाटीलाई आफ्नो बासस्थान सम्झेर नेपाली काँग्रेसको थिङ्क ट्याङ्क प्रजातन्त्र संवर्द्धन केन्द्रको उपाध्यक्ष भएर देशभरि प्रजातन्त्रको बारेमा विचार प्रवाह गर्ने अभियन्ता यो अवस्थामा रहँदा किन बेखबर छ सानेपाको मूलघर ? हामी छौँ भनेर किन सान्त्वना दिँदैन कसैले ? नेपाली काँग्रेसले अवलम्बन गरेको राष्ट्रियता, प्रजातन्त्र र समाजवादको सिद्धान्तलाई आत्मसाथ गरेर देशमा रूपान्तरण र समृद्धिको सपना साकार बनाउने उद्देश्य बोकेर भोक प्यास नभनी दु:ख, कष्ट र यातना भोग्दै पदको लालचमा नलागी लोकतन्त्रको पक्षमा सगरमाथा जस्तै अडिग उभिने डा. अधिकारी जस्तै त्यागी समर्पित योद्धाहरूको अतुलनीय, अजोखनीय योगदानका कारण नेपाली काँग्रेस पटक पटक सत्तामा पुग्यो, तर ती काँग्रेसलाई सत्तामा पुर्‍याउने योद्धा किन गुमनाम हुन पुगे ? नेपाली काँग्रेसको आफ्नो ऐतिहासिक दस्ताबेजमा यस्ता व्यक्तिहरूमा अरूको योगदानको उच्च मूल्याङ्कन तथा कदर गरेको उल्लेख गर्नु पर्दैन ? यी ऐतिहासिक नाम गुमनाम नहोस् भनेर म जतिको सचेत नागरिकले खबरदार गरिरहनु पर्दछ भन्ने लागेर सोही प्रयोजनका लागि कोरिएको हो यो खबरदारी पत्र । ऐतिहासिक नामहरू गुमनाम नहुन् खबरदार !

*-साहित्यपोष्ट डटकम*

